'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ४२ आइतवार २० असोज, २०८१ 06 (Sunday) October 2024 पृष्ठ ४, मूल्य रु : १०।-

## किसानलाई धान भित्र्याउने चटारो

# मौषम अनुसारको खेतीबालि नै नेपाली किनासको सान

भीम रावत

कोहलपुर, असोज/१९



नेपाललाई अहिले पनि कृषि प्रधान देश भनिन्छ । नेपालमा सामान्यतया कृषिमा आधारीत भएर नै नेपाली समाजको विकास भएको पाइन्छ। नेपालमा जतिसुकै विपत्ति आइपरे पनि खाना नपाएर नेपालमा मानिसहरुको मृत्यु भयो भन्ने खबर सुन्न पाइदैन । यो नेपालको आफ्नो मौलिक र परम्परागत विशेषता हो। नेपालमा अहिले पनि के पहाड, के हिमाल के तराई अधिकांश किसानहरु आफूले अन्नबालि लगाउन आसकै पानीको भर पर्नु पर्ने बाध्यता छ । नेपालमा केही थोरै मात्रामा बाहेक अधिकांश किसानहरुले मोषम अनुसार कै खेतीपाी लगाउने र त्यसैबाट आफ्नो जीवन निर्वाह गर्दै आएका छन् । नेपालमा अहिले पनि अधिकांश किसानहरु आफनो परिवार पाल्ने 'गुजारामुखि' खेतीपाती मात्र गर्ने गरेको पाइन्छ । यति बेला नेपाली किसानहरुको धानबाली भित्र्याउने समय हो । गत हप्ता मात्र मध्य तथा पूर्वी नेपालमा बाढी पहिरो तथ डुवानले किसानको धानबाली नास गरेको छ । त्यो अवस्था देखेर पश्चिम तिरका किसानहरु त्रसित नि भएका पाइन्छ । त्यसैले मौषममा सुधार हुन थालेपछि किसानहरु धान काट्ने चटारोमा व्यस्त भएका छन् । मौसम पूर्वानुमान महाशाखाको वर्षाहुने नहुने सूचनाको उनीहरुलाई पर्वाह छैन । उनीहरु सुन्दैन्न पनि । कोहलपुर-९ झण्डवाका किसान रियाज अलि भन्छन्,' खेतमा धान पाकिसकेको छ, आकाशमा बादल आउदा पानी परेर पाकेको धानबाली नास गरिदिन्छ भन्ने पीर लाग्छ, त्यसैले अलि मस्किन बाँकी छ चर पाक्यो त्यसैले काटिहार्लां भनेर लागियो'। त्यस्तै कोहलपुर ७ रझेकी फुलमति थारु भन्छीन, दुई वर्ष अघि पोकेको धान केही काटेर खेचमै भएको र केही काट्न बाँकी भएको एक्कासी पानी परेर सबै बगाएर लियो । त्यो वर्ष खाना नि पुगेन । दुख गरेर लगायो भित्र्याउने बेला पानी परेर बिगारे पछि त हामीले के खाने । त्यसैले अरु काम सबै छोडेर भए पनि पाकेको बाली भित्र्याउन परिहाल्यो'। त्यस्तै बैजनाथ गाउँपालिका-५ वनकटवाका किसान हेमन्त चौधरीलाई पनि यति बेला पाकिसकेको आफ्नो खेतको धान भित्र्याउने चटारो लागेको छ । हेमन्त भन्छन्, के गर्ने सर आकाशको भर छैन । सानो पानी परे त खासै बिगार्दैन । तर ठूलो पानी पऱ्या भने त मेरो त सबै डुबाएर खतम बनाइदिन्छ । पूर्वतिर अस्ति आएको बाढीले सबै बगायो भन्छन् , यता पनि त्यस्तै गरायो भने त हाम्रो बेहाल हुन्छ । त्यसैले पाकीसक्यो । त्यति मस्केको त छैन त्यही पनि पाकेको बालीको सुरक्षा त गर्नै पऱ्यो । त्यसैले काट्न लागेको सर '। यति बेला खेतमा धान पाकिसकेको छ र किसानले धान काट्न व्यस्त छन् । दसैं सुरु भइसकेको भए पनि किसान धान काट्न व्यस्त भएका हुन् ।

## कोहलपुरमा ब्यापारीलाई चुनाव लाग्यो

# उम्मेद्वारहरु दैनिक घरदैलो गर्नमा ब्यस्त






नमस्ते समचारदाता

कोहलपुर, असोज/१९

कोहलपुरका ब्यापारीहरुलाई यति बेला चुनावको रन्कोले खुबै तताएको छ । सामाजिक संस्थामा सामाजिक भन्दा राजनीतिक काम बढी हुन थाले पछि उम्मेद्वारहरुको घरदैलो गर्ने कार्यक्रममा पनि उम्मेद्वारहरु सँगै राजनीतिक दलका नेताहरुको बाक्लै उपस्थिति देखिने गरेको छ । सायद राजनीतिक दलहरुकै आग्रहमा नै होला कोहलपुर उद्योग बाणिज्य संघमा दुई ठूला दलहरु नेपाली काँग्रेस र नेकपा एमाले प्रति राजनीतिक आश्था राख्ने दुई व्यवसायीले दुई अलग अलग समूह बनाएर चुनावी प्रतिस्पर्धामा उभिएका छन् । प्रदिप कुमार भट्टराईले लोकतान्त्रिक समावेशी व्यावसायी समूहको र अन्जना धितालले प्रगतिशील व्यावसायीक समूहको नेतृत्व गरेका छन् । दुवै समूहमा उम्मेद्वार भएकाहरु केही सदस्यहरु बाहेक 'बरु मर्न तयार तर राजनीतिको झण्डा र डण्डा बोक्न छोडिन्न' भन्ने चिन्तन कै व्यक्ति देखिन्छन् । आजभोली सामाजिक संघ संस्थाहरुमा पनि सामाजिक काम कम राजनीतिक काम बढी हुनेका छन् । त्यसैले पनि कोहलपुरमा कुन सामाजिक संस्थामा कुन दलको मान्छे अध्यक्ष छ भनेर त्यहाँबाट त्यो संस्थाको परिचय हुने गरेको छ । कोहलपुर उद्योग वाणिज्य संघ पनि त्यसैको एउटा नमूना हो ।

बाँकी ३ पेजमा...

नमस्ते कर्णाली
दशैं तिहार र छठ पर्व २०८१ को
शुभकामना
नेपालीहरुको महान चाड
विजया दशमी, शुभ दीपावली,
छठ पर्व २०८१ तथा नेपाल सम्वत् ११४४ को पावन अवसरमा हामी हाम्रा सम्पूर्ण अभिभावक, विद्यार्थी, प्राध्यापक, कर्मचारी, सञ्चालक एवम् शुभेच्छुक महानुभावहरु लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
टेक बहादुर गुरुङ्ग (क्याम्पस प्रमुख) एवम् ज्ञानेन्द्र खनाल (अध्यक्ष)
ज्ञान बहुमुखी क्याम्पस परिवार
कोहलपुर-११, बाँके

नमस्ते कर्णाली
दशैं तिहार र छठ पर्व २०८१ को
शुभकामना
नेपालीहरुको महान चाड
विजया दशमी, शुभ दीपावली,
छठ पर्व २०८१ तथा नेपाल सम्वत् ११४४ को पावन अवसरमा हामी हाम्रा सम्पूर्ण अभिभावक, विद्यार्थी, प्राध्यापक, कर्मचारी, सञ्चालक एवम् शुभेच्छुक महानुभावहरु लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शंख प्रसाद न्यौपाने (प्रधानाध्यापक) कमला अधिकारी (अध्यक्ष सि.अ.स) झगु गिरी (अध्यक्ष वि.व्य.स) नारायण प्रसाद लम्साल (अध्यक्ष गुठी संचालक समिति)
"सार्वजनिक शैक्षिक गुठी"
कोहलपुर माध्यमिक विद्यालय
कोहलपुर-११, टाउनप्लानिङ्ग, बाँके
फोन नं. ०८१-५४१२९६, ९८४८५५९७३४, ९८५८०२१०२२, ९८५८०२४०६६, ९८४८१७७५७९

हार्दिक शुभकामना
विजया दशमी तथा शुभ दिपावली एव्म छठपर्व २०८१ को पावन अवसरमा सबै खाले भेषभुषा तथा धर्म संस्कृतिका नेपाली दाजुभाई, दिदिबहिनीहरुको सुस्वास्थ्य दिर्घायु एव्म उत्तरोउत्तर प्रगतिको लागि
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दुर्गा सुवेदी पौडेल (सचिव) तथा नर बहादुर मल्ल (अध्यक्ष)
सरस्वती सामुदायिक वन उपभोक्ता समुह परिवार
कोहलपुर १० र ११, कालिकानगर, बाँके

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

सत्यवाणी :
भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## क्रान्तिकारीको भ्रान्तीकारी कदम

नेकपा माओवादी केन्द्रको जनवर्गिय संगठन अनेरास्ववियु (क्रान्तिकारी)। यो नेपाली विद्यार्थीहरुको बिचमा एउटा स्थापित र चिरपरिचित विद्यार्थी संगठनको नाम हो। गत हप्ता यो संगठनको २३औं राष्ट्रिय सम्मेलन तामझाम सहित काठमान्डौंमा उद्घाटन गरियो। माओवादीका अध्यक्ष प्रचण्डले उद्घाटन गर्ने भने पछि तामझाम त हुने नै भयो। माओवादी धेरै नेताहरुले क्रान्तिको ठूलै भाषण गरे। माओवादीहरुले भाषण गर्ने मञ्च पाए पछि त्यति त गर्नु नै पर्‍यो। नत्र त कसरी क्रान्तिकारी भैएला र फेरि ?। तर जब विद्यार्थी संगठनको बन्द शत्र शुरु भयो र सांगठानिका प्रतिवेदन प्रस्तुत भयो तब विवाद शुरु भयो र त्यो बन्दशत्र तोडफोड तथा मुक्कामुक्किको क्रान्तिमा देखियो। सायद यत्तिको क्रान्किारी भए पछि हानमार र तोडफोड नगरे त क्रान्तिकारीताको परिचय गुम्ने खतरा पनि छ होला क्रान्तिकारी कामरेडहरुलाई । नेपालका राजनीतिक दलहरुमा पछिल्लो सायमा यति धेरै गुटग्रस्त मानसिकताले जरा गाडिसकेको छ कि उनीहरुले दलका जनसंगठनहरुलाई समेत गुटग्रस्त बनाइसकेका छन् । त्यसको पछिल्लो समयको प्रकट रुप हो माओवादी विद्यार्थी संगठनको २३ औं राष्ट्रिय सम्मेलनको विवाद । देखाउन र देखिने विवाद संगठनको नेतृत्वमा उमेरहत थियो। तर त्यस्को भित्री आसय नेतालाई आ आफ्नो गुटको विद्यार्थीलाई नेता बनाउने नै थियो। क्रान्किारीहरु विचारको कुरा गरेर कहिल्यौ थाक्दैनन् । त्यमा पनि नेपालका माओवादीहरुको व्यवहार चरम अवसरवादी र नवउदारवादी चिन्तन प्रवृत्तिमा चुर्लुम्बै डुबिसकेर पनि हामी असली कान्तिकारी भन्न चाही छोड्दैनन्। विद्यार्थीहरुको राष्ट्रिय सम्मेलनमा नीति विचार, नेपालको शिक्षा नीतिको अवस्था र यस्ले उत्पादन गरिरहेको बेरोजगार मुखि जनशक्तिको शैक्षिक समस्याहरु र यसबाट कसरी नेपाली विद्यार्थीहरुलाई आजको विश्वबजारमा बिक्ने र टिक्ने क्षमतावान जनशक्तीको रुपमा रुपान्तरण गर्न सक्ने शिक्षा नीति तथा पाठ्यक्रममा कहाँ कहाँ के के सुधार गर्नु आवश्यक छ भन्ने नयाँ दृष्टिकोण दिन सक्नु पर्ने हो ।

# खै पूर्ण लोककल्याणकारी राज्य ?

**मुरारी ढुङगेल**




मानव सभ्यताको इतिहासमा जब होमो सेपियन्स सिकार संकलित जीवन पद्धति छाडेर एक स्थानमा जम्मा भई व्यवस्थित कृषि प्रणालीमा संलग्न रहन थाल्यो, तब परिवार, समाज हुँदै अन्ततोगत्वा यो नीलो ग्रहमा राज्यको उत्पत्ति हुन गयो । त्यहाँदेखि आजसम्म संसारको हरेक कुनामा राज्य संयन्त्रको मुख्य सरोकार वाला जनता नै हो । राज्यले आफ्ना सबै अंगमार्फत जे जति कार्यहरू गर्छ, त्यसको केन्द्रमा पनि जनता नै हुने गर्छ । ताकि जनताको नजरमा राज्य हरबखत एक विश्वसनीय अभिभावक बनेर उभिन सकोस् । तर विगत केही वर्षदेखि यो नेपाल राज्यमा यसैको अभाव चुलिँदो छ । संसारमा राज्यको उत्पत्ति भएसँगै नागरिक र राज्यबीच अन्योन्याश्रित सम्बन्ध रहँदै आयो । नागरिकले आफू अनि आफू वरपरको सामूहिक हित पूर्तिका लागि राज्यको अनिवार्यता महसुस गर्दै गए भने राज्यले पनि नागरिककै कारण आफ्नो उपस्थिति बलियो हुने बुझ्दै गए । यद्यपि राज्यको कार्य भनेको बाह्य आक्रमणबाट आफ्नो भू-भाग जोगाउने र जनताबाट कर संकलन गर्ने मात्र हो । प्राचीनकालीन यही मान्यतादेखि अनेक आरोह-अवरोह पार गर्दै आजसम्म आइपुग्दा राज्य-नागरिक सम्बन्ध अत्यन्त व्यापक, बहुआयामिक र धेरै फराकिलो भइसकेको छ । आजको दिनमा राज्यका चारवटै तत्त्वहरू जनसंख्या, क्षेत्र, सरकार र सम्प्रभुताबीचको तादत्म्यता कति छ ? यसैबाट उक्त राज्यको सफलता, असफलताको निर्धारण हुने मान्यताको विकास भइसकेको छ । त्यसमध्येमा पनि जनसंख्या अर्थात् नागरिक नै राज्यको यस्तो सर्वोच्च सारथि हो, जसमाझ राज्यले आफ्ना निकायमार्फत निरन्तर उपस्थिति जनाउँदै आफ्नो औचित्यता पुस्टि गर्ने कोसिस गरिराखेको हुन्छ । तर जब नागरिकका आशा, आवश्यकता र अपेक्षाहरू राज्यले पूरा गर्ने वाचा त गर्छ । तर पूरा गर्न असमर्थ रहन्छ तब नागरिकमा राज्यप्रति अविश्वासको पहिलो बिज रोपिन्छ । नेपालको संविधान २०७२ को भाग ४ अन्तर्गत राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व अनि भाग ३ अन्तर्गतको मौलिक हकमार्फत यो नेपाल राज्यले पनि आफ्ना नागरिकसमक्ष यस्तै वाचा गरेको छ । तर के यी वाचाहरू यो राज्यले अक्षरशः पालना गरेको छ त ? कुनै पनि राज्य-नागरिक सम्बन्धमा अविश्वासको ठूलो खाडल एक दिन वा एकै वर्षमा पैदा हुने होइन । यो त दशकौंदेखि नागरिकमा रहेको असन्तुष्टि र निराशाको चाङ माथि चाङ थपिँदै जाँदा उत्पन्न हुने परिणाम हो । तर जब ती चाङको फेहरिस्त घट्नुको सट्टा दिनप्रतिदिन झन् बढ्दै जान्छ तब निश्चय नै अविश्वासको मत दोब्बर हुँदै जान्छ । यो नेपाल राज्यमा आज ठीक यही भएको छ । नेपालको राजनीतिमा २०४७ सालको प्रजातन्त्र पुनर्स्थापनापश्चात् देश एउटा नयाँ अध्यायमा प्रवेश गरेको थियो । राज्यप्रति जनताको विश्वास र भरोसा पनि नयाँ कोणबाट अघि बढेको थियो । जनताको यो विश्वास २०४८ सालको आम निर्वाचनमा नेपाली कांग्रेसलाई बहुमत दिलाएर अभिव्यक्त भएको पनि थियो । तर आफ्नै दलभित्रको खिचातानी र घात-प्रतिघातले त्यत्रो परिवर्तन पछिको बहुमतको सरकार नै विघटन हुन पुग्यो । योसँगै संसदीय राजनीतिमा विकृति र विसंगतिको अनि जनतामा नैराश्यता र अविश्वासको अर्को अध्याय सुरु भयो । त्यहाँदेखि आजसम्म आइपुग्दा नेपाली राजनीतिक वृत्तमा आमजनताको विश्वासमाथि लगातार कुठाराघात हुने गरी घटनाहरू निर्माण हुँदै गए । राज्यका तीनै अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाअन्तर्गतका प्रत्येक इकाइले गर्ने कार्य सम्पादनमा नागरिकले आफ्नो गाँस, बास र कपासदेखि समृद्धिको यात्रासम्मलाई चाहिने ठोस कार्ययोजना कहिल्यै भेटेनन् । बरु उल्टै राज्य भ्रष्टाचार र दण्डहीनताको दलदलमा फस्दै गयो । सानालाई ऐन लागिरह्यो, ठूलालाई चैन भइरह्यो । नातावाद, कृपावाद, शक्ति पृथकीकरणको दुरुपयोगजस्ता बेथितिले हरेक तह र तप्काको कर्मचारीतन्त्र र राजनीतिक नेतृत्व दुवैलाई गाँज्दै लग्यो । आम जनताको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा र स्वास्थ्य गरिबको पहुँचबाट दिनप्रतिदिन टाढा हुँदै गयो । सरकार र तिनले निर्माण गर्ने नीति तथा योजना दुवै अस्थिर भइरहे । हिजो मतदानको बखत नागरिकका अघि गरिएका भाषण र बाँडिएका घोषणापत्रहरू मात्र केही महिनापछि अर्थहीन बन्दै गएँ । देशमा विभिन्न परिवर्तन भए, राष्ट्र सञ्चालनको पद्धति र प्रणाली नै परिवर्तन भयो । तर के यी सबै परिवर्तनले आम नागरिकको आशा र अपेक्षालाई सम्बोधन गर्न सक्यो त ? भन्ने विषयमा राज्य संयन्त्रमा कहिल्यै छलफल भएन । यसरी देश एकातिर भित्रभित्रै कमजोर हुँदै गयो भने अर्कातिर नागरिकको अवचेतन मनमा दशकौंदेखि गुम्सिएको राज्यप्रति अविश्वासको गाँठो झन्झन् कसिलो हुँदै गयो । केही दिनअघि मात्र देशमा निरन्तर परेको वर्षाले सयौं नागरिकको ज्यान लानुका साथै करोडौंको भौतिक क्षति गर्‍यो । मिति नै तोकेर राज्यले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत पूर्वसूचना दिँदादिँदै पनि त्यसको बेवास्ता गर्नु नागरिकको गम्भीर लापरबाही हो । तर यसो भनिरहँदा सम्भावित दुर्घटना न्यूनीकरणका लागि यथोचित तहको पूर्वसतर्कता अपनाउन नसक्नु र देशको राजधानीमा नै त्यति धेरैले ज्यान गुमाउनु राज्य संयन्त्र चुक्नु नै हो । यस्ता घटनाहरूले पनि राज्यप्रति नागरिकमा विश्वास घटाउने काम गर्‍यो । पृथ्वीको पूर्वी गोलार्द्धमा हजारौं वर्षपहिले हाम्रा पूर्वजहरूले लोककल्याणकारी राज्य व्यवस्थाको अभ्यास गरेका थिए । आफ्नो शेषपछि छोरालाई नभएर जनताको छोरालाई राजा बनाउने नियम लागू गर्ने राजा भरत हुन् या दिनरात नागरिककै फिक्री गरिरहने राजा जनक या जनताले नखाई आफू पनि नखाने राजा महेन्द्र मल्ल हुन्, ती सबै लोक कल्याणकारी राज्य व्यवस्थाका हिमायतीहरू थिए । यी सबै आफ्ना नागरिकलाई असाध्यै प्रेम गर्थे । नागरिकको पिरमर्का र दुःखमा राज्य साथमा हुनुपर्छ, नागरिकलाई कुनै पनि आधारमा विभेद गर्नु हुँदैन ।

*–अन्नपूर्ण*








जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

# राजमार्गमा प्रहरीको यात्रु सहायता कक्ष

नमस्ते समचारदाता

दाङ, असोज/१९




दाङको लमहीमा राजमार्ग केन्द्रित यात्रु सहायता कक्ष स्थापना गरिएको छ । लमही नगरपालिका-५ वसपार्क क्षेत्रमा यात्रु सहायता कक्ष स्थापना गरिएको हो । अघिल्ला वर्ष पनि चाडपर्वलाई लक्षित गरेर यसैगरी सहायकता कक्षहरु स्थापना गरिएको थियो । 'यात्रा गर्ने क्रममा सिट भन्दा बढी यात्रु राख्नेदेखि तोकिएको भन्दा बढी भाडा लिएको बिषयमा पनि सहायता कक्षमा गुनासो गर्न सकिन्छ । यात्रा गर्ने यात्रुको सहजताको लागि यो कक्षले काम गर्ने छ' - वडा प्रहरी कार्यालय लमहीका प्रहरी निरीक्षक प्रकाश भुसालले भने 'शान्तिपूर्ण र सुरक्षित यात्राको लागि प्रहरीले सहायता प्रदान गर्न थालेको छ ।' यो सहायता कक्षमा नेपाल प्रहरी, ट्राफिक प्रहरी र यातायात व्यवसायीका प्रतिनिधि खटिनेछन् । विहानदेखि साँझसम्म ड्यूटी खटाइएको छ । रातिको समयमा प्रहरीको गस्ती टोली रहने छ । चाडपर्वको समयमा सवारी दुर्घटनाको जोखिम बढ्ने भएकाले ट्राफिक नियमको पूर्ण पालना गराउन यो कक्षले विशेष ध्यान दिन अस्थायी ट्राफिक प्रहरी पोष्ट लमहीका इञ्चार्ज ईश्वरी देवकोटाले जानकारी गराए । 'साँझको समयमा अझ धेरै दुर्घटना हुने जोखिम रहन्छ । ट्राफिक नियमको पूर्ण पालनाको लागि नियमित बाहेक अतिरिक्त जाँचलाई पनि बढाउने छौं'। 'गति सीमित गराएर सवारी साधन गुडाउने, मादक पदार्थ तथा लागूऔषधको सेवन नगर्ने, ट्राफिक चिन्हको पालना गरेर सवारी चलाउने जस्ता काम गर्नुपर्छ । नियम नमान्नेहरुको हकमा कारवाही समेत गर्छौं ।' वडा प्रहरी कार्यालय र अस्थायी ट्राफिक प्रहरी पोष्टले स्थापना गरेको यात्रु सहायता कक्ष सबै हिसावले उपयुक्त रहेको वडाध्यक्ष ओमप्रसाद सुवेदीले बताए । 'यात्रुलाई ढुक्कले यात्रा गर्न सहयोग पुऱ्याउन सहायता कक्षले भूमिका खेल्नेछ' । 'यात्रा गर्दा आइपर्ने हरेक प्रकारका समस्याहरु यहाँ सुनाउन सकिन्छ ।

# स्व.दीपबहादुर स्मृति क्रियाशील पत्रकारिता पुरस्कारबाट पत्रकार रावल पुरस्कृत

नमस्ते समचारदाता

जुम्ला, असोज/१९




स्व.दीपबहादुर स्मृति क्रियाशील पत्रकारिता पुरस्कार-२०८१ बाट पत्रकार मानदत्त रावल पुरस्कृत भएका छन् । डेढ दशकदेखि मानवअधिकार तथा पत्रकारिता क्षेत्रमा क्रियाशिल रहेर कलम चलाउदै आएका रावललाई स्व. दीपबहादुर स्मृति प्रतिष्ठान जुम्लाले नगद् दश हजारसहित पुरस्कृत गरिएको हो । मानव अधिकारकर्मी तथा पत्रकार रावल अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र नयाँ पत्रिका दैनिकमा आवद्ध छन् । उनी महिला बालबालिका, आर्थिक सामाजिक तथा सास्कृतिक अधिकारका साथै आधारभुत मानवअधिकारका सवालमा कलम यात्रा गर्दै आएका छन् । लामो समयदेखि भुईमान्छेका कथा व्यथा लेख्दै निमुखाहरुको आवाज बुलन्द गरेर आवाज विहीनहरुको अधिकार स्थापित गर्नको लागि भुमिका रहेकोले रावललाई सम्मान गरिएको प्रतिष्ठानका अध्यक्ष शुभाकर विश्वकर्माले बताए । उनले भने, उहाँलाई १० हजार रुपैयाँ नगद राशीसहित सम्मान पत्र प्रदान गरिएको छ । थप क्रियाशिलताको प्रेरणा मिल्ने अपेक्षा गरिएको छ । पछिल्लो समयमा यस्ता पुरस्कार तथा सम्मान गर्नका लागि निवेदन माग गरिन्छ । त्यो गलत भई रहेको छ । यो संगठन र त्यो संगठन भन्ने गरिन्छ । त्यसलाई चिर्दै हाम्रै गाउँ समाज काम गर्दै आएका व्यक्तिहरुलाई स्वमुल्यांकन गरी मानवअधिकार कर्मी तथा पत्रकार रावललाई सम्मान गरिएको विश्लेषक तथा पुरुस्कार छनोट समितिका सदस्य रामसिंह रावलले बताए । प्रमुख जिल्ला अधिकारी रामबहादुर शाहीले भने, यस्ता सम्मान तथा पुरस्कारले पत्रकारिता क्षेत्रमा क्रियाशिलता ल्याउने गर्दछ । पत्रकारिता क्षेत्रमा काम गर्ने व्यक्तिहरुलाई यस्ता सम्मानले थप उर्जा मिल्छ । गाउँपालिका महासंघका केन्द्रीय उपाध्यक्ष तथा हिमा गाउँपालिका जुम्लाका अध्यक्ष लक्ष्मण शाहीले लामो समयदेखि निश्पक्ष रुपमा मानवअधिकार तथा पत्रकारिता क्षेत्रमा रावल काम गर्दै आएको बताए । उनका अनुसार यो सम्मान तथा पुरस्कारले थप क्रियाशिलता ल्याउने अपेक्षा गरिएको छ । यो पुरस्कार तेस्रो सस्करण हो । यसअघि जुम्लाका पत्रकार सागर परियार, विजय रावत, बाँकेमा अनिता विश्वकर्मा र कल्पना शाही पुरस्कृत भएको प्रतिष्ठानले जनाएको छ ।

## उम्मेद्वारहरु...

नेताहरु सहितको उम्मेद्वारको घरदैलो कार्यक्रममा लोकतान्त्रिक समावेशी व्यावसायी समूहले शुक्रबार कोहलपुर नगरपालिकाका झण्डहवा, पिपीरी, हवलदारपुर लगायतका स्थानहरुमा घरदैलो गऱ्यो भनेर शनिबार एनटिभिरोड, दशविघा तथा टाउनप्लानिङ स्थानहरुमा घरदैलो गरेको सो समूहका अध्यक्ष पदका उम्मेद्वार प्रदिप भट्टराईले नमस्ते कर्णालीलाई जानकारी गराए । आर्थिक मन्दीले निराशा छाएको कोहलपुरका व्यवसायीहरुको मुहारमा प्रदिप भट्टराई नेतृत्वको लोकतान्त्रिक समावेशी व्यवसायी समूहको उम्मेदवारीले खुसी छाएको व्यवसायीहरुले प्रतिक्रिया दिएका छन् । लामो समय देखि व्यवसायीका हक, हितमा काम गर्दै आएका सक्षम युवा भट्टराई नेतृत्वको समूहको उम्मेद्वारीले व्यवसायीहरु हर्षित भएको स्थानिय व्यवसायी बिजय पुडासैनीले प्रतिक्रिया दिएका छन् । कोहलपुरको व्यापारिक विकासलाई नयाँ उचाइमा पुऱ्याउन लोकतान्त्रिक समावेशी व्यवसायी समूहका उमेद्वारहरु यति बेला प्रचार प्रसारमा होमिएका छन् । पूर्वाधार विकास, व्यापार प्रवर्द्धन, रोजगारी सृजना र व्यवसायीमैत्री वातावरण निर्माणमा केन्द्रित हुने भन्दै कोहलपुरलाई एक आधुनिक र प्रतिस्पर्धी व्यापारिक केन्द्र बनाउने लक्ष्य सहित ब्यापक रुपमा लोकतान्त्रिक समावेशी समूहका उमेद्वारहरुले मतदाता भेटघाटलाई निरन्तरता दिइरहेका छन् । निर्वाचनको मिति नजिकिए सँगै मतदाताहरु भेटघाट गर्न लोकतान्त्रिक समावेशी समूहले घरदैलो तथा प्रचार प्रसार कार्यक्रमलाई तीब्रता दिएको छ । भट्टराईको दावी छ, ' मैले कोहलपुर उद्योग ब्याणिज्य संघमा कार्यसमितिमा सबै भन्दा तल्लो पद सदस्य देखि क्रमश उपाध्यक्ष, वरिष्ठ उपाध्यक्ष हुँदै हाल अध्यक्षमा मेरो उम्मेद्वारी स्वभाविकै भएको र आफ्नो पक्षमा ब्यापारीहरुको माहोल देखेर जितिन्छ भन्ने कुरामा ढुक्क छु ' भन्ने प्रतिक्रिया दिए । त्यस्तै प्रगतिशील व्यवसायी समूहको घरदैलो कार्यक्रम अन्तरगत शुक्रबार कोहलपुर नेपागञ्ज सडकको पूर्विलाइन कोहलपुरको न्यूरोडदेखि डाइनामिक स्कूल जाने बाटो सम्म घरदैलो गरेका थिए भने शनिबार कोहलपुर-११ को थारुगाउँ, विद्युतरोड चोकदेखि चटार सम्म घरदैलो गरिएको हो ।















# अबका निर्वाचनमा माओवादी केन्द्र एक्लै लड्छ : अध्यक्ष दाहाल



नमस्ते समचारदाता

काठमाडौं, असोज/१९

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले अबका निर्वाचनमा पार्टीले सबै तहमा एक्लै उम्मेदवारी दिएर प्रतिष्पर्धा गर्ने बताएका छन्। दोलखा-काठमाडौं सम्पर्क समन्वय समितिले शनिबार गरेको भेटघाट तथा अन्तर्क्रिया कार्यक्रममा अध्यक्ष दाहालले यस्तो बताएका हुन्। विगतमा कहिले कांग्रेस र कहिले एमालेसँग गठबन्धन गरेर चुनाव लड्दा माओवादीको पहिचान नै कमजोर हुन पुगेको उनको भनाइ छ। अध्यक्ष दाहालले अब देशब्यापीरुपमा एकल प्रतिष्पर्धामा जाने गरी पार्टीले तयारी थालेको र त्यसको सुरुवात आगामी मंसिरमा हुने उपनिर्वाचनबाट गरिने बताए। आफ्नो पार्टीले सरकारमा रहँदा सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिका पक्षमा थालेको अभियान र त्यसकै कारण सरकारबाट हटाइएकाले जनतामा माओवादीप्रति नयाँ आशा र आकर्षण पैदा भएको दाहालको दाबी छ। उनले आगामी निर्वाचनमा एक्लै विजय प्राप्त गर्ने तयारी थाल्न कार्यकर्तालाई निर्देशन समेत दिए। पछिल्लो समय टानलगायतका कतिपय संस्थामा कांग्रेस-एमाले मिल्दा पनि माओवादी एक्लैले चुनाव जितेको उल्लेख गर्दै अध्यक्ष दाहालले अहिले देशब्यापीरुपमा देखिएको जनताको आशा र आकर्षणलाई संगठन निर्माण र जनपरिचालनसँग जोडेर आगामी निर्वाचन एक्लै जित्ने वातावरण बनाउनुपर्ने बताए। पछिल्लो समय प्राकृतिक प्रकोपका कारण सिर्जना भएको संकट समाधानका लागि पार्टीले महत्वपूर्ण पहलकदमी लिएको भन्दै उनले जनताको सेवा गर्ने अधिकारलाई कसैले खोस्न नसक्ने बताए।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# विगतको भन्दा सकारात्मक उपलब्धि हासिल हुने दाबी

नमस्ते समचारदाता

सुर्खेत, असोज/१९



कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले विगतको भन्दा अहिले नीति निर्माण तय गरेपछि बनाइएका योजनाको गति बढ्दा सकारात्मक परिणाम आउनेमा ढुक्क भएको बताउनुभएको छ। उहाँले आफूले नीति निर्माणको कामलाई गति दिएको हुँदा विगतको तुलनामा यस पटक सकारात्मक परिणाम आउने दाबी उहाँले गर्नुभयो। शुक्रबारको पत्रकार भेटघाटका क्रममा मुख्यमन्त्री कँडेलले भौतिक पूर्वाधार मन्त्रालयले यही असोज महिनाको दोस्रो सातासम्म ५० प्रतिशत टेन्डर आह्वान गरिसकेकाले यसबाट सुखद परिणाम आउनेमा आफू विश्वस्त रहेको बताउनुभयो। अहिले आफूले नीति निर्माणको कामलाई प्राथमिकता दिइरहेको हुँदा काम गर्न सहज भएको र विगतका तुलनामा सुधार आउने दाबी उहाँले गर्नुभयो। उहाँले अहिले प्रदेश सरकारले भूकम्प प्रभावित जाजरकोट, रुकुमपश्चिम र सल्यान जिल्लाको शिक्षा र स्वास्थ्यका क्षेत्रमा लगानी गर्न ५० करोड रुपियाँ बजेट विनियोजन गरेको र त्यसको खर्च गर्ने कार्यविधि पनि बनाइसकेकाले अब काम गर्न सहज हुने बताउनुभयो। यसै गरी प्रदेश सरकारले कर्णाली प्रदेश अस्पतालको विस्तार, स्तरवृद्धिलगायत विविध पक्षका बारेमा अध्ययन गर्नका लागि डा. भगवान कोइराला, डा. अर्जुन कार्की, डा. सुरेश तिवारी, डा. केशर ढकाल, डा. विकास केसी र डा. नवराज केसी सम्मिलित अध्ययन समिति गठन गरिएको छ। यो समितिले प्रदेश अस्पतालको समग्र विकासका बारेमा अध्ययन तयार पारी प्रदेश सरकारलाई दिने मुख्यमन्त्री कँडेलले बताउनुभयो। प्रदेश सरकारका मन्त्रालय एकै ठाउँमा रहने एकीकृत प्रशासन भवन निर्माणको योजनालाई प्रदेश सरकारले प्रदेश गौरवको योजना घोषणा गरेको उहाँको भनाइ छ। मुख्यमन्त्री कँडेलले आगामी मङ्सिर महिनामा कर्णालीको सुर्खेतमा हुने १० औं राष्ट्रिय खेलकुद प्रतियोगिताका आन्तरिक तयारी पूरा गर्न प्रदेश सरकार लागे पनि सङ्घीय सरकारको योजना भएकाले त्यसको मुख्य जिम्मेवार सङ्घीय सरकार भएको बताउनुभयो। प्रदेश सरकारको काममा गति दिन कर्मचारी सरुवा गरेको हुँदा यसमा सरकारले सुधारात्मक काम गरेको दाबी उहाँको छ। सुर्खेत विमानस्थल विस्तारको काम सङ्घीय सरकारको भएकाले यसमा प्रदेश सरकारले साथ दिने मुख्यमन्त्री कँडेलले बताउनुभयो। विगतमा सरकारमा गएका राजनीतिक दलसँगको सहयात्रा बदलिए पनि विगतका सरकारले बनाएका योजना परिवर्तन नभएको भन्दै उहाँले पारित भएका योजनालाई प्रदेश सरकारले नियमित रूपमा काम गरेको जानकारी दिनुभयो। कर्णाली प्रदेशको आन्तरिक राजस्व कम भएको हुँदा आर्थिक मामिला तथा योजना मन्त्रालयमा राजस्व शाखा स्थापना गरी आन्तरिक राजस्व बढाउने योजना कार्यान्वयन गरिने उहाँले जनाउनुभयो। सुर्खेतको रिङरोड निर्माण, प्रदेश राजधानीलाई डुबानबाट जोगाउने योजना तयार गर्ने, सुर्खेत-कोहलपुर १३२ केभिए विद्युत् प्रसारण लाइन, खम्बागाडे सडकलगायतका प्रदेश राजधानीको विकासमा महत्व राख्ने योजनालाई प्रदेश सरकारले प्राथमिकता दिएको मुख्यमन्त्री कँडेलले बताउनुभयो।




नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके